# सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि२०७४लाई दोस्रो पटक संशोधन गर्न बनेको कार्यविधि२०७७

**कार्यपालिकाबाट स्वीकृत मिति-२०७७/०६/०९**

**राजपत्रमा प्रकाशन मिति-२०७७/०६/०९**

---

सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ लाई समय सापेक्ष संशोधन गर्न बान्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरी लागू गरिएको छ।

१. यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्य वस्थापन गर्ने कार्यविधि २०७४लाई दोस्रो पटक संशोधन गर्न बनेको कार्यविधि,२०७७" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

३. **सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४** (यस पछि "मूल कार्यविधि" भनिएको)**दफा** ४ को उपदफा (४) पछि उपदफा (५) र (६) थप गरिएको छ।

उपदफा ५ ***"यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि पदको विज्ञापन आव्हान गर्दा माग संख्याको ५ गुना वा सो भन्दा वढी उम्मेद्वारको दरखास्त परेमा सूचिकरण नगरी लिखित तथा मौखिक परिक्षा संचालन गरी योग्यता पुगेका सबैलाई परिक्षामा सामेल गरिने छ" ।***

उपदफा ६ ***"उपदफा ४को अवस्थामा लिखित तथा मौखिक परिक्षा लिदा लोकसेवा आयोगको पाठयक्रम अनुसार लिइनेछ" ।***

४. मूल कार्यविधिको दफा ७को उपदफा (२) पछि (२क) थप गरिएको छ।

(२क) ***"जुन आर्थिक वर्षमा विज्ञापन आव्हान गरि करारमा कर्मचारी नियुक्ती गरिएको हो सोहि आ.व.मा कुनै पनि कर्मचारीले राजिनामा दिएमा राजिनामा दिएको मितिले ७ दिन भित्र बैकल्पिक उम्मेद्वारलाई प्राथमिकताका आधारमा करार सम्झौताका लागि सूचना दिनुपर्नेछयसरी तोकिएको अवधी भित्र करार सम्झौता गर्न आउने बैकल्पिक उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्यविवरण सहित अनुसूची - ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा प्राथमिकताका आधारमा क्रमशः अन्य वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।***